घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको १५औं बैठकको निर्णयहरु

मिति २०८०।[illegible]

**निर्णय नं. १ :-**

मिति २०८०।१।१९ गते बसेको कार्यपालिकाको १४औं बैठकमा भएको निर्णयहरुको समीक्षा गरियो र कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :-**

ल्याडफिल्ड साईट निर्माण गर्ने सम्बन्धमा ४ नं. वडाको सशस्त्र प्रहरी सीमा सुरक्षा गुल्मको ब्यारेक भएको क्षेत्र भन्दा माथिको भागमा निर्माणको लागि प्रस्ताव भएको हुँदा, ल्याडफिल्ड साईट निर्माण सम्पन्न पश्चात गाउँपालिकाले आवश्यक कर्मचारीको व्यवस्थापन गरी सम्पूर्ण व्यवस्थापन गर्ने र पूर्ण रुपमा ल्याडफिल्ड साईट व्यवस्थित नहुन्जेल सम्मका लागि ४ नं. वडा जोमसोम र ३ नं. वडाको जोमसोम एयरपोर्ट क्षेत्र पुयाङबाट प्लास्टिक र बोतलहरु छुट्याएर ल्याई व्यवस्थापन गरी राख्न दिने सम्बन्धमा ४ नं. वडाका स्थानीय बिच बृहत छलफल गरी सहमति भएको अवस्थामा ल्याडफिल्ड साईट निर्माणको प्रक्रिया अघी बढाउने र सहमति हुन नसकेको अवस्थामा ठेक्का रद्द गर्ने प्रक्रिया कार्यालयले अघी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

ठेक्का स्वीकृत भई ठेकेदारले समयमा सम्पन्न नगरेका तपसिलका योजनाहरुको सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो :-

**तपसिल :-**

क) विपद् व्यवस्थापन सूचना केन्द्र भवन निर्माणको लागि यस कार्यालय र शशि निर्माण सेवा बिच भएको सम्झौता म्याद भित्र समय समयमा ताकेता गर्दा समेत निर्माण कार्य सम्पन्न नगरेकोले ठेक्का तोडी भुक्तानी दिन बाँकि रकम र निजको धरौटी रकमबाट बाँकि काम गाउँपालिकाले सम्पन्न गरी सूचना केन्द्र सञ्चालन गर्ने ।

ख) जनहित तेजनिराला बहुमुखी क्याम्पस भवन सम्पन्न गरी ठेकेदारले तुरुन्तै हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । ठेकेदारले उक्त क्याम्पस भवनको बाँकि रहेको काम तुरुन्तै सम्पन्न गरी हस्तान्तरण गर्न नसकेको अवस्थामा ठेकेदारको धरौटी रकमबाट कट्टा गरी गाउँपालिकाले बाँकि काम सम्पन्न गर्ने र भवन हस्तान्तरण गर्ने ।

**निर्णय नं. ४ :-**

घरपझोङ गाउँपालिकाको गाउँसभाको १२औं अधिवेशन २०८० साल असार ६ ,७ र ८ गते सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

धौलागिरी बोर्डिङ स्कुलको रंगरोगन गर्दा प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन बमोजिम लागेको खर्च रु.९६,०००।- निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । आगामी दिनमा गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि निर्माण कार्य नगर्न/नगराउन उक्त बोर्डिङ स्कुललाई जानकारी गराउने समेत निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

यस गाउँपालिका अन्तर्गतको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धी मिति २०८०।१।३१ गते बसेको बैठकको निर्णय नं.२ बमोजिम गठन भएको गाउँपालिका स्तरीय १९ सदस्यीय पोषण खाद्यसुरक्षा निर्देशक समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-**

चालु आ.ब.को समानिकरण अनुदान तर्फको बजेट कटौती भएको कारण चालु तर्फका सञ्चालन हुन बाँकि तालिम, गोष्ठी, सेमिनार, क्षमता अभिबृद्दि जस्ता कार्यक्रमहरु हाललाई स्थगित गर्ने निर्णय गरियो ।



घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम मुस्ताङ